मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
# पूर्वाधार विकास कार्यालय
सर्लाही, मलंगवा
इमेल ;idosarlahi2023@gmail.com

पत्र संख्या ०८२/०८३
च.नं.- ४६९

मितिः-२०८२/१२/१६

श्री ७ नं. वडाको कार्यालय,
विष्णु गा.पा.,सर्लाही।

**विषयः-उपभोक्ता समिति गठन गरी पठाई दिने सम्बन्धमा ।**

उपरोक्त विषयमा यस कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार आ.व.०८२/०८३ मा तपसिल अनुसारको योजना स्वीकृत भएको हुदाँ उक्त योजना कार्यान्वयन गर्नको लागि तपसिल बमोजिमका बुँदाहरुको अधिनमा रही उपभोक्ता समिति गठन गरि सिफारिस साथ पठाई दिनुहुन अनुरोध छ ।

तपशिलः

बजेट उपशिर्षक नं.- ३३७०१०१२४

आयोजनाको नामः- ११.४.२२.६२७४ विष्णु गा.पा.-७ दुलवा बजार देखी दुलवा गाउँसम्म सडक ढलान कार्य

बजेट रु.:- २५,००,०००/- (पचिश लाख)

१. आयोजनाबाट प्रत्यक्ष लाभ हासिल गर्ने उपभोक्ताहरुको भेलाद्वारा सम्बन्धीत गा.पा./न.पा./वडा कार्यालयको जनप्रतिनिधिको रोहबरमा अधिकतम सहभागितामा सम्बन्धित आयोजना स्थलमा नै सात देखी एघार जना सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ।
२. समितिको गठनको लागी आम भेला हुने समय, मिति, स्थान र विषय, भेला हुने मितिले कम्तिमा ७ (सात) दिन अगावै सार्वजनिक रुपमा जानकारी दिनुपर्नेछ।
३. उपभोक्ता समितिको गठनको लागि बोलाइएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी सम्बन्धित कार्यालयले गर्नेछ।
४. उपभोक्ता समितिको गठन गर्दा समावेशी सिद्धान्तको आधारमा गर्नु पर्नेछ। समितिमा कम्तिमा ३३% महिला सदस्य हुनुपर्नेछ। समितिको अध्यक्ष, सचिव, कोषाध्यक्ष मध्ये कम्तिमा एक जना महिला पदाधिकारी हुनु पर्नेछ।
५. उपभोक्ता समितिको गठन सके सम्म सर्वसम्मत तरिकाले गर्नु पर्नेछ। सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समिति गठन गरिनेछ।
६. उपभोक्ताहरुको समेत सहभागितामा संचालन हुने आयोजनाहरुको उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ।
७. उपभोक्ता समितिले सम्झौता बमोजिमको गर्नु पर्ने काम समिति आफैले गर्नु गराउनु पर्नेछ। त्यस्तो काम अन्य कुनै निर्माण व्यवसायी वा संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन।
८. उपभोक्ताहरुको भेलाबाट समिति गठन गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि संलग्न राखी एक सय रुपैया दस्तुर तिरी योजना संचालन गर्ने कार्यालयमा उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ।
९. भौतिक संरचना निर्माण स्थलको जग्गा स्वामित्व समेत यकिन गरी सिफारिस गर्ननुपर्नेछ।
१०. तहाँ कार्यालयमा पत्र प्राप्त मिति देखि ७ (सात) दिन भित्र उपभोक्ता समिति गठन गरि सिफारिस सहित पेश नभएको खण्डमा कार्यालयले अन्य प्रकृयाबाट कार्य संचालन गराउन बाधा पर्ने छैन।
११. उपभोक्ता समितिको सदस्य हुनका लागिः
    १. सम्बन्धित आयोजना क्षेत्रको स्थायी बासिन्दा भई प्रत्यक्ष लाभान्वित,
    २. १८ वर्ष पुरा भएको,
    ३. फौजदारी कसुरमा सजाय नपाएको,
    ४. अन्य उपभोक्ता समितिको सदस्य नरहेको/सगोल परिवारबाट एक जना भन्दा बढी सदस्य हुन नपाउने।
    ५. नेपाल सरकार, प्रदेश सरकार र स्थानिय सरकारको कर्मचारी वा शिक्षक नरहेको,
    ६. कुनै पनि राजनीतिक दलको सक्रिय सदस्य नरहेको हुनुपर्नेछ।
१२. उपभोक्ता समितिको खाता समितिले निर्णय गरेको बैड्कमा अध्यक्ष र कोषाध्यक्ष वा सचिव गरी २(दुई) जनाको संयुक्त दस्तखतबाट संचालन हुनेछ। खाता संचालकहरु मध्ये कम्तिमा १ (एक) जना महिला अनिवार्य हुनुपर्नेछ।
१३. सम्बन्धित स्थानिय तहबाट उ.स. गठन सम्बन्धित सूचना टासं गरी सो को जानकारी पत्र पेस गर्नु पर्नेछ ।

६-न.५
०८२.१२.२३
१०२/१२

.................
विनय कुमार
२०८२/१२/२३

विजय कुमार यादव
कार्यालय प्रमुख

वडा अध्यक्ष

"व्यवसायिक र सिर्जनशिल प्रशासन : विकास, समृद्धि र सुशासन"

CamScanner